आज मिति २०७९ साल पुष महिनाको ५ गते मंगलबारको दिन १:३० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा आ.ब.०७९/०८० को छैठौं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

## उपस्थिती

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**आमन्त्रितः-**

१. का.बा.वडा अध्यक्ष, श्री सानुबाबु श्रेष्ठ

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (सुचना अधिकारी)
२. श्री गणेश गुरुङ (वरिष्ठ लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/९/०४ गते नगर प्रमुखज्यूबाट मिति २०७९/९/०५ गते आ.ब.०७९/०८० को नगर कार्यपालिकाको छैठौं बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>निर्णय भएको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>दशौं नगर सभाको मिति तोक्ने सम्बन्धमा ।</td><td>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ४ को दफा १९ मा भएको व्यवस्था बमोजिम यस दक्षिणकाली नगरपालिकाको आ.ब.०७९/०८० को लागि वार्षिक बजेट संशोधन, ऐन कानूनहरु तर्जूमाको लागि सभाको बैठक नगर प्रमुखले बोलाउने व्यवस्था भए अनुरुप एवं सबै जनप्रतिनिधिहरुको माग समेतलाई सम्बोधन गर्दै २०७९ पुष २८ गते बिहीबार ११:०० बजे बस्ने गरी सम्बन्धित सबैलाई सुचना गर्ने ।</td></tr>
<tr><td>२.</td><td>होर्डिङ बोर्ड व्यवस्थापन सम्बन्धमा ।</td><td>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.२१८, मिति २०७९/०८/११ गतेको पत्रानुसार मदिरा, चुरोट, सुर्तिजन्य पदार्थ लगायतका मानव स्वास्थ्यलाई प्रतिकुल असर गर्ने कुनै पनि विज्ञापन सामग्रीको उत्पादन, वितरण तथा प्रचारप्रसार गर्न पाईने छैन भन्ने व्यहोरा उल्लेख भई आएको र यस कार्यालयको मिति २०७९/०५/२८ गते गोरखापत्रमा प्रकाशित सुचना अनुसार होर्डिङ बोर्ड व्यवस्थापन तथा अनधिकृत रुपमा राखिएको विज्ञापन सामग्री हटाउने सार्वजनिक सुचना बमोजिम नगरलाई सुन्दर तथा सफा राख्न मापदण्ड विपरित भएका होर्डिङ्ग बोर्डलाई हटाउने ।</td></tr>
<tr><td>३.</td><td>कार्यक्रम/आयोजनाको म्याद थप सम्बन्धमा ।</td><td>• यस नगरपालिकाबाट चालु आ.ब.२०७९/०८० को लागि स्वीकृत आयोजना तथा कार्यक्रम सम्झौता गर्ने अवधी नगरस्तरीय आयोजना तथा कार्यक्रमको हकमा पूर्व निर्णय बमोजिम पुष मसान्त सम्मलाई यथावत् राख्दै वडा स्तरीय आयोजना एवं कार्यक्रम सम्झौताको लागि २०७९ पुष १० गते सम्मको लागि म्याद थप गर्ने ।</td></tr>
<tr><td>४.</td><td>आर्थिक ऐन संशोधन प्रस्ताव सम्बन्धमा ।</td><td>• यस नगरपालिकाको आर्थिक ऐन, २०७९ मा देहाय बमोजिमको क्षेत्रमा देहाय बमोजिमको शिर्षकहरु थप गर्नु पर्ने भएको भनि स्थानीय राजश्व परामर्श समितिको मिति २०७९/०८/२३ गतेको निर्णयानुसार सिफारिस भई आएकोमा तपसिल बमोजिम आर्थिक ऐन, २०७९ लाई संशोधनको लागि नगर सभा समक्ष पेश गर्ने ।<br><br><u>संशोधनको व्यहोरा</u><br>
<table>
<tr><th>स्वीकृत ऐनको दफा र सो मा भएको व्यवस्था</th><th colspan="5">हाल प्रस्तावित संशोधन गर्नु पर्ने व्यहोरा</th><th>संशोधन गर्नुको कारण</th></tr>
<tr><td rowspan="4">अनुसूची - ६<br>(दफा ५ को उपदफा (३) संग सम्बन्धित)<br>व्यवसाय कर</td><td colspan="5">अनुसुची - ६ (दफा ५को उपदफा (३) सँग सम्बन्धित) व्यवसाय कर</td><td rowspan="4">व्यवस्था थप गर्नु पर्ने ।</td></tr>
<tr><td>क.सं.</td><td colspan="2">शीर्षक</td><td>दर्ता शुल्क</td><td>बार्षिक कर</td></tr>
<tr><td>१५८</td><td colspan="2">हार्डवेयर</td><td>रु.२०००।-</td><td>रु.४०००।-</td></tr>
<tr><td>१५९</td><td colspan="2">हस्तकला</td><td>रु.१५००।-</td><td>रु.२०००।-</td></tr>
<tr><td rowspan="2">अनुसूची - १६<br>(दफा १७ संग सम्बन्धित)<br>सम्पत्ती भाडाको दर</td><td>क.सं.</td><td>ठेगाना</td><td>संख्या</td><td>प्रति महिना न्यूनतम दर</td><td>कैफियत</td><td rowspan="2">व्यवस्था थप गर्नु पर्ने ।</td></tr>
<tr><td>८</td><td>द.न.पा.७, कोपुगाउँ सार्वजनिक भवन</td><td>३</td><td>रु.१०००।-</td><td></td></tr>
</table></td></tr>
<tr><td>५.</td><td>विविध ।</td><td>• दक्षिणकाली नगरपालिकाको स्थानीय संस्था दर्ता ऐन, २०७७ अनुसार यस कार्यालयमा गत आ.ब.२०७८/०७९ मा दर्ता भएका स्थानीय गैर सरकारी संस्थाहरुको नविकरण गर्न अनिवार्य लेखापरिक्षण गर्नु पर्ने भएकोमा उक्त स्थानीय संस्थाहरु स्वयं मार्फत्</td></tr>
</table>

भोला प्रसाद ...<br>
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | लेखापरिक्षणको लागि क्षमता विकास नभईसकेको हुदाँ गत आ.ब.को लेखापरिक्षणका लागि यस कार्यालयबाट लेखापरिक्षक नियुक्ती गरि उक्त लेखा परिक्षकको पारिश्रमिक समेत यस नगरपालिकाबाट भुक्तानी दिने ।<br>• यस नगरपालिका क्षेत्र भित्र पर्ने बल्खु - दक्षिणकाली मुल सडक द.न.पा.१ गेट देखी दक्षिणकाली मन्दिर सम्म पुग्ने सडक खाल्टाखुल्टी भएर एम्बुलेन्स तथा नागरिकहरुलाई आवतजावत गर्न कठिनाई भएको तर सडक डिभिजन कार्यालय, काठमाडौंसँग उक्त सडक मर्मत गर्न स्रोत नभएको भन्ने जानकारी प्राप्त भएको हुदाँ उक्त सडक मर्मतको लागि लागत अनुमान तयार गरी आवश्यक हुने बजेट नगर स्तरीय बजेट कट्टा गरि उक्त सडक मर्मत गर्ने । |
| ६. | समवेदना सम्बन्धमा । | • यस नगरपालिकाका उपप्रमुख श्री बसन्ती तामाङ डंगोलको ससुरा केशर बहादुर तामाङको मिति २०७९/०८/२४ गतेका दिन असामयिक निधन भएकोमा मृत आत्माको चिरशान्तीको कामना गर्दै सोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौ । |

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत